- पृष्ठभूमी :-
  जिल्ला विकास समिति, सिन्धुलीको आयोजना तथा सिर्थौली, हत्पते, र हर्षाही सित्तलपाटी, गाविसको संयोजनमा स्थानीय निकाय र नागरिकहरुका वीचमा दोहोरो सम्वादमा स्थानीयस्तरमा रहेका समुदायहरुको सकृय सहभागितालाई सुनिश्चित गरि स्थानीय तहमा हुने विकास निर्माण, जिम्मेवारी र सेवा प्रवाहमा गुणस्तरीयता कायम गरि अनुशासित एवम् मर्यादित स्थानीय समाज निर्माण गर्न सार्वजनिक सेवा प्रवाहको कार्यलाई नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधी २०६७ तर्जुमा गरि कार्यन्वयनमा ल्याएको छ ।

- उद्देश्य :- स्थानीय निकाय (जिविस/गाविस) वाट संचालित योजना तथा कार्यक्रमको सफल कार्यान्वयन, प्रवाह गरिने सेवा तथा सुविधाको प्रभावकारी वितरणका सम्वन्धमा सार्वजनिक स्थलमा सेवा प्रदायक संस्था समक्ष सेवाग्राही नागरिकले राखेका प्रश्न तथा जिज्ञाशालाई रचनात्मक सुझावको रुपमा ग्रहण गरि आगामी दिनमा थप सुधार गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको माध्यमवाट मार्गदर्शनको रुपमा लिनु ।

- सार्वजनिक सुनुवाई कार्यक्रम संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :-
  श्री मदन व. थिङ -योजना अनुगमन तथा प्रशासकिय अधिकृत, जिविस - सिन्धुली)

- **सार्वजनिक सुनुवाई गरिएका विषय वस्तुहरु :-**
  क) लक्षित वर्ग अर्न्तगतका योजना कार्यक्रम वारे ।
  ख) केन्द्रिय योजनामा परेका योजना तथा कार्यक्रमका वारे ।
  ग) ईलाकावाट छनौट गरि पठाईएका योजना कार्यक्रम वारे ।
  घ) जिविसको योजना कितावमा सिर्थौली गाविसको प्राथमिकता वारे ।
  ङ) भूकम्पको पछिल्लो प्रतिवेदन सम्वन्धमा ।
  च) लोडसेडिङको समस्याको सम्वन्धमा ।
  छ) कृषि उप-शाखाको कार्य सम्पादन सम्वन्धमा ।
  ज) सार्वजनिक सुनुवाई कार्यक्रममा अन्य कार्यालयको सहभागिता सम्वन्धमा ।
  झ) वाहुनतिल्पुङ चिसापानी सडक खन्डवारे ।
  ञ) स्थानीय विकास अधिकारीको उपस्थिती वारे ।

- **उठेका प्रश्न/जिज्ञासा र उत्तर :-**

| क्र. स. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | मान व. दर्जी, हर्षाही-५ | लक्षित वर्ग कार्यक्रमको वारेमा लक्षित वर्गलाई नै जानकारी हुदैन किन ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | लक्षित वर्ग कार्यक्रम लक्षित वर्गको सशक्तिकरण गर्नकै लागि ल्याईएको हुनाले यसवाट लक्षित वर्ग लाभान्वित हुनुपर्नेमा दुइमत छैन । यसता कार्यक्रमको प्रभावकारी कार्यन्वयका लागि सवैको सहयोग जरुरी हुन जान्छ । |
| २. | अर्चना खड्का, सिर्थौली-३ | जिविसको योजना कितावमा किन सिर्थौली गाविस प्राथमिकतामा नपरेको हो ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | उपलव्ध श्रोत तथा साधनको तुलनामा माग वढि हुन गएकाले यसतो अवस्थाको श्रृजना हुन गएको हो । नियतवश भएको होइन । |
| ३. | चेत प्र. भट्टराई, सिर्थौली-७ | सिन्धुली जिल्ला लोडसेडिङ मुक्त जिल्ला भनिएपनी गाविसका जनता लोडसेडिङको मारवाटअझै मुक्त हुन सकेका छैनन् । किन यसतो भईरहेको छ ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | लोडसेडिङ मुक्त गराउनको लागि सरोकारवाला सवैपक्ष लागि रहेकोले यो समस्या छिट्टै समाधान हुने देखिन्छ । |
| ४. | चेत प्र. भट्टराई, सिर्थौली-७ | सिर्थौली गाविस स्थित कृषि केन्द्रले प्रवाह गर्नु पर्ने सेवा सन्तोषजनक नभएकोले सो सम्वन्धमा जिविसले आवश्यक पहल गर्नु पर्छ कि पर्दैन ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | सो सम्वन्धमा जिल्ला कृषि विकास कार्यालय प्रमुख संग आवश्यक छलफल गरि सेवा प्रवाहलाई राप्रभावकारी गराईनेछ । |
| ५. | नायण प्र. अधिकारी, हर्षाही-८ | सार्वजनिक सुनुवाई कार्यक्रम हुँदा विषयगत कार्यालयका प्रमुख वा प्रतिनिधीलाई किन आमन्त्रण नगरिएको हो ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | यो कार्यक्रम खास गरिकन जिविसवाट प्रवाह गर्ने सेवा र संचालित आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने सम्वन्धमा संचालन गर्ने गरिएकोले अन्य कार्यालयका प्रतिनिधीलाई आमन्त्रण नगरिएको हो । |
| ६. | भुमीलाल दनुवार, सिर्थौली-८ | ईलाका गोष्ठीवाट छनौट गरि पठाईएका आयोजनाहरु जिविसको कार्यक्रममा किन समावेश हुँदैनन् ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | सवै क्षेत्रवाट छनौट भई आएका योजना/कार्यक्रमलाई सन्तुलितढंङ्गवाट जिल्ला विकास योजनामा समावेश |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्दा सवै योजनाहरु समावेश गर्न नसकिएको हो । |
| ७. | थानेश्वर काफ्ले सिर्थौली-१ | खुल्ला दिसा मुक्त कार्यक्रम सफल वनाउनको लागि स्थानीय निकायले प्रवाह गर्ने, सेवा सुविधालाई रोकेरै भएपनि यो कार्यक्रलाई सफल वनाउनु पर्ने देखिन्छ । यस तर्फ जिविसको ध्यान गएको छ कि छैन ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | यस राष्ट्रिय अभियानलाई सफल वनाउनको लागि जिविस योजनावद्धढंङ्गले अगाडी वढेको कुरा जानकारी गराउन चाहन्छु । |
| ८. | दुर्गा राउत, सिर्थौली-३ | वाहुनतिल्पुङ-चिसापानी सडक खण्ड सम्वन्धमा के भईरहेको छ ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | सो सम्वन्धमा आवश्यक कार्यवाही अगाडी वढाईसकिएको छ । |
| ९. | निल कुमारी लामा, सिर्थौली-३ | यस क्षेत्रमा निर्माण भईरहेको पुलको वरिपरि वार नभएकोले वाल वच्चाहरु खस्ने सम्भावना छ, यस सम्वन्धमा जिविसले किन आवश्यक पहल नगरेको हो ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | यस सम्वन्धमा जिविसको ध्यानाकर्षण भएकोछ । सो समस्या समाधानको लागि आवश्यक कदम चालिनेछ । |
| १०. | मिन प्र. काफ्ले, क्षेत्रीय सचिव, नेकपा (एमाले) | यस प्रकारको कार्यक्रम आयोजना गर्दा स्थानीय विकास अधिकारी स्वयम् उपस्थित हुनुपर्नेमा किन नभएको हो ? | मदन व. थिङ, यो.अ. तथा प्र.अ, जिविस | स्थानीय विकास अधिकारीज्यूको कार्य व्यस्तताको कारणले गर्दा उहाँ उपस्थित हुन नसकेको हो । |